## मिति २०७५/०६/१९ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं १**

यस नगरकार्यपालिकाको कार्यालय बाट पेश भएको वीरेन्द्रनगर नगरपालिकाको नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरण सम्बन्धि कार्यविधि २०७५ संशोधन सहित पारित गर्ने ।

**निर्णय नं २**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम यस नगरपालिकाले लगाउने जडीवुटी,कवाडी र जीबजन्तु कर लाई चालु आ.व २०७५/७६ का लागी ठेक्का बाट असुल गर्ने ब्यवस्था मिलाउने साथै ठेक्काको लागी न्युनतम बढाबढ अंक कायम गर्न यस नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी दिने।

**निर्णय नं ३**

यस कार्यपालिकाका कार्यालयको कृषि उपशाखा बाट मिति २०७५/०६/१४ मा प्रकाशित ब्यवसायिक कृषि प्रवर्द्धन अनुदान सम्बन्धि सुचना अनुसारका अनुदानलाई प्रभावकारी ढंग बाट वितरण गर्न मिति २०७५/०७ /०९ सम्म कार्यालयले निबेदन संकलन गर्ने र ततपश्चात आर्थिक विकास समितिले माग अध्ययन गरि निर्णय गरे अनुसार वितरण गर्ने।

**निर्णय नं ४**

यस नगरपालिका अन्तरगत वडा कार्यालयका बैंक खाताहरु पायक पर्ने बैंकहरु (राष्ट्र बैंक बाट स्वीकृत प्राप्त ) मा खोल्न वडा समितिहरुलाई स्विकृति प्रदान गर्ने ।

**निर्णय नं ५**

आ.व २०७४/७५ मा वडा नं ११ को लागी जग्गा खरीदमा छुट्याईएको रकम रु ५० लाख बाट उक्त आ.व मा जग्गा खरीद सम्बन्धि कार्य सम्पन्न हुन नसकेकाले चालु आ.व मा प्रचलित ऐन तथा निर्देशन बमोजिम खरीद कार्य अघि बढाउने , साथै गत आ.व मा जग्गा खरीदका लागि वडा नं १० मा छुट्याईएको रकम बाट जग्गा खरीद कार्य अघि बढाउने ।